म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३९ | आइतबार ०१ श्रावण २०७९ | ने. सं. ११४२ दिल्लागा | 17 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २० वटा टोविसलाई कपडाको झोला

हेटौंडा, ३२ असार/ हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडामा रहेका २० वटा टोल बिकास संस्थाहरुलाई कपडाको झोला सहयोग गरिएको छ । टोल विकास संस्था २ नम्बर वडा समन्वय समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा झोला वितरण गरिएको हो । शनिवार एक कार्यक्रम आयोजना गर्दै २० वटा टोल विकास संस्थाका प्रत्येक सदस्यहरुलाई कपडाको झोला वितरण गरिएको छ । साउन १ गते देखि प्लाष्टिकका झोला नबोक्ने प्रतिबद्धा व्यक्त गर्दै कपडाका झोलाहरु वितरण गरिएको थियो । झोला वितरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महासाखाका प्रमुख विष्णु कुमारी लामिछाने, वातावरण साखाका प्रमुख शान्ति विश्वकर्मा लगायतकाको आतिथ्यता थियो ।

टोल विकास संस्था २ नम्बर वडा समन्वय समितिका अध्यक्ष मनिषा घलेको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न टोल विकास संस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो । साउन १ गतेबाट २ नम्बर वडामा ४० माइक्रोन भन्दा तलको झोला प्रयोगमा रोक लगाउने उद्देश्यले कपडाको झोला वितरण गरिएको टोल विकास संस्था वडा समन्वय समिति २ नम्बर वडाका सचिव गिता तिमल्सीनाले जानकारी दिइन् ।

# बागमती प्रदेशमा बेरुजू नै बेरुजू

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ महालेखा परीक्षकको कार्यालयले बागमती प्रदेशमा बेरुजूको चाङ लागेको जनाएको छ ।

गत बुधबार कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा बागमती प्रदेशमा बेरुजूको चाङ लागेको पाइएको हो । प्रतिवेदनले बागमती प्रदेशमा १ दशमलव ६० प्रतिशत बेरुजू रहेको जनाएको छ । नेपालको ७ वटा प्रदेशमध्ये बागमती प्रदेश धेरै बेरुजू हुने प्रदेशको चौथो नम्वरमा रहेको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनका अनुसार बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ को असार एक महिनामा मात्रै एक अर्ब ६ करोड ४९ लाख रुपैयाँ रकमान्तर गरेको छ । प्रतिवेदनले वर्षान्तमा रकमान्तर गरेर खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्ने जनाएको छ । प्रतिवेदनको अनुसार प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले एउटै डीपीआर निर्माण गर्न दुइ पटक रकम भुक्तानि गरेको पाइएको छ । पोष्टबहादुर बोगटी सुरुङमार्ग निर्माणको डीपीआर निर्माण गर्दा दुइ वर्ष लगातार भुक्तानि गरेको पाइएको हो ।

सुरुङ मार्गको एउटै डीपीआर निर्माण गर्दा अघिल्लो वर्ष एक करोड ३९ लाख भुक्तानि गरिएकोमा त्यही डीपीआरका लागि गत आर्थिक वर्षमा ५४ लाख रुपैयाँ भुक्तानि गरिएको प्रतिवेदनमा उल्लेख छ । हेटौंडा अस्पतालको भवन निर्माण गर्नका लागि सामाजिक विकास मन्त्रालयले तयार गरेको डीपीआरमा पनि दुई पटक लगातार रकम भुक्तानि गरिएको प्रतिवेदनमा उल्लेख छ ।

सामाजिक विकास मन्त्रालयले तयार र स्वीकृत गरिसकेको डीपीआरका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले पनि १६ लाख ६० हजार रुपैयाँ रकम भुक्तानि दिएको पाइएको हो । मन्त्रालयअन्तर्गत्कै पूर्वाधार विकास निर्देशनालयले विद्युतीय बोलपत्रमार्फत् ७ वटा पुलको डीपीआर कार्य खरिद गर्दा ५५ दशमलव ४२ प्रतिशत घटिमा र ५ वटा पुलको अर्को अर्को प्याकेज खरिद गर्दा ४४ दशमलव १६ प्रतिशत घटिमा सम्झौता भएकोले औसतमा ५० दशमलव ०९ प्रतिशत घटिमा कार्य भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

मन्त्रालयले बोलपत्र नगरी ११ करोड ८९ लाख ७७ हजारको परामर्श सेवा खरिद गर्दा उल्लेखित बोलपत्रको तुलनामा ५ करोड ९५ लाख ९६ हजार व्ययभार थपिएको प्रतिवेदनले जनाएको छ । प्रतिष्पर्धा कम हुनेगरी खरिद गरेको कारण खरिद कार्य मितव्ययी नभई बढी व्ययभार पारेको सम्बन्धमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने प्रतिवेदनले औंल्याएको छ ।

प्रतिवेदनमा प्रदेश सरकारले पहिरो प्रभावितलाई एक लाख रुपैयाँको राहत सामग्री वितरण गर्न करिब २८ लाख रुपैयाँ हेलिकोप्टर भाडा तिरेको उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सिन्धुपाल्चोकको लिदीमा २०७७ साउन २६ गतेको पहिरो प्रभावित परिवारलाई राहत वितरण गर्न १२ पटक नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरिएको छ ।

प्रदेशको तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलसहित सिन्धुपाल्चोक पुगेको टोलीले हेलिकोप्टर भाडाबापत ३ घण्टा १५ मिनेटको २५ लाख ६८ हजार रुपैयाँ भुक्तानि गरेको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको हो । प्रतिवेदनले निजी वायुसेवा कम्पनीको हेलिकोप्टर पनि तीनपटक प्रयोग भएको जनाएको छ । उक्त हेलिकोप्टर प्रयोगबापत




३ लाख रुपैयाँ भुक्तानि भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले आर्थिक वर्ष ०७७/०७८ को वर्षात्को समयमा नै ५९ करोड रुपैयाँको अख्तियारी दिएको पनि प्रतिवेदनमा उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन रामेछापलाई १२ करोड ५ लाख, सिन्धुपाल्चोकलाई ५ करोड ७० लाख, भक्तपुरलाई १६ करोड ९५ लाख, प्रादेशिक सडक डिभिजन कार्यालय नुवाकोटलाई ११ करोड ६५ लाख, रामेछापलाई ७५ लाख र खुर्कोटलाई ११ करोड ९० लाख रुपैयाँ असारे विकासमा दिएको प्रतिवेदनले जनाएको हो ।

महालेखाको प्रतिवेदनले प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको ७० प्रतिशत साझेदार सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा शीतभण्डार निर्माण कार्यका लागि ८ साझेदार संस्थाबाट ३१ करोड ८८ लाख ४२ हजार प्राप्त हुनुपर्नेमा १६ करोड ५४ लाख ९ हजार रुपैयाँ मात्र प्राप्त भएको र साझेदार संस्थाले वहन गर्नुपर्ने ३० प्रतिशत रकम स्थानीय तहले बेहोरेको भन्दै सम्झौताबमोजिम १५ करोड ३४ लाख ३३ हजार रुपैयाँ रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने जनाएको छ । शीत भण्डार निर्माण सम्पन्न भएपश्चात् सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुनुपर्ने महालेखाको भनाइ छ ।

मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा रहेको डिभिजन वन कार्यालय राप्तीको साढे आठ लाखभन्दा बढी रकम अधिकृतले आफ्नो खातामा राखेको खुलेको छ । गत आर्थिक वर्ष २०७७।०७८ मा डिभिजन वन राप्तीले निजी क्षेत्रको सिमेन्ट उद्योगसँग नर्सरी मर्मत र बिरुवा उत्पादनका लागि लिएको रकम तत्कालीन सहायक वन अधिकृतले आफ्नै खातामा राखेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

वनका तत्कालीन सहायक वन अधिकृत प्रदीपनाथ शर्माले कार्यालयको खातामा दाखिला गर्नुपर्ने ८ लाख ६३ हजार रकम व्यक्तिगत खातामा राखेको महालेखाले जनाएको हो । डिभिजन वन राप्तीले तत्कालीन समयमा निजी क्षेत्रको रिद्धिसिद्धि सिमेन्ट उद्योग र गुराँस सिमेन्ट उद्योगसँग नर्सरी मर्मत र बिरुवा उत्पादनका लागि भन्दै सम्झौता गरेको थियो ।

उद्योगले कैलास गाउँपालिकाको रुक्चेमा चुनढुंगा उत्खननका लागि वन क्षेत्र प्रयोग गर्न भोगाधिकारको सम्झौता गरेको हो। सम्झौताको बुँदा नम्बर ३ र ४ नम्बरको प्रावधानअनुसार उद्योगले दिएको रकम तत्कालीन सहायन वन अधिकृत शर्माले एनएमबी बैंकको व्यक्तिगत खातामा राखेको महालेखाले जनाएको छ । वृक्षरोपणको प्रथम किस्ता बापतको ३५ लाख रकम भने राष्ट्रिय वाणिज्य बैंक बरगाछीमा रहेको कार्यालयको खातामा दाखिला भएको जनाइएको छ । महालेखाले सरकारी रकम व्यक्तिगत खातामा दाखिला गर्न नमिल्ने भन्दै कार्यालयको राजस्व खातामा दाखिला गर्ने व्यवस्था मिलाउन सुझाव दिएको छ ।

प्रदेश सरकारले १६ करोड ३४ लाख रुपैयाँ बराबरको सवारी साधन यस आर्थिक वर्षमा खरिद गरेको छ । प्रतिवेदनमा सवारी साधान खरिद गर्दा कतिपय कार्यालयले मापदण्ड पालना नगरेको देखिएकाले मितव्ययिता अपनाउन भनिएको छ । प्रदेशले उपभोक्ता समितिमार्फत् गरेको कामको भुक्तानि नियमसम्मत नभएको देखिएको छ ।

प्रदेशले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय मकवानपुरले राक्सिराङ खानेपानी आयोजनालाई ७ स्किममा विभाजन गरी ३ करोड ८७ लाख २५ हजार रुपैयाँको योजना उपभोक्ता समितिमार्फत् गराएको र कार्यालयले १ करोड २२ लाख २६ हजारको आँपखोला उपभोक्ता समितिमार्फत् गरी दुई रनिङ बिलबाट ओभरहेड घटाएर ९६ लाख ६५ हजार रुपैयाँ भुक्तानी दिएको थियो ।

खानेपानी डिभिजन कार्यालय रामेछापले १ करोडमाथिका ७ वटा योजनाहरू उपभोक्ता समितिसँग सम्झौतामा गरेका र शहरी विकास तथा भवन कार्यालय मकवानपुरले एक उपभोक्ता समितिबाट बाटो ढलान कार्य दुईवटा प्याकेजमा बनाएर १ करोड ३० लाख ३३ हजार रुपयौंको कार्य गराएर ९१ लख १३ हजार रुपैयाँ भुक्तानि नियमसम्मत भएको जनाएको छ ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


## पञ्चकन्या माविलाई जग्गा दान

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिका-२ मा रहेको पञ्चकन्या माध्यमिक विद्यालयका लागि सयुक्तरुपमा ७ आना जग्गा दान गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-११ नवलपुरका ८१ वर्षीय मित्रबहादुर पुडासैनी र हेटौंडा-३ बसामाडीका ६८ वर्षीय मिनबहादुर पुडासैनीले संयुक्त रुपमा विद्यालयलाई जग्गा दान गरेका हुन् ।

जग्गा स्कुल स्थापनाको लागि ०३४ सालमा दिइएको र हाल जग्गा कानुनीरुपमा पास गरिएको जनाइएको छ ।

उक्त समयमा विद्यालयसँग जग्गा नहुँदा भवन निर्माणमा समस्या देखिएको थियो । भवन नहुँदा विद्यार्थी साँघुरो भवन तथा खुला चौरमै पढ्न बाध्य थिए ।

स्कुलको भवन निमार्णका लागि राजिखुसीले जग्गा दान गरेको जग्गा दाता पुडासैनी बताए ।

उहाले आफ्नो स्वर्गीय पिता झम्कबहादुर पुडासैनी र माता स्वर्गीय रत्नकुमारी पुडासैनीको स्मृतिमा दिएको बताए । उक्त जग्गा हाल करिब ३० लाख बराबरको मुल्य पर्छ ।

## नेपाल भारतमैत्री संघद्वारा पाँचजना सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ नेपाल भारतमैत्री संघ, जिल्ला शाखा, मकवानपुरले पाँच जनालाई सम्मान गरेको छ ।

संघले शनिबार हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै हेटौंडा उपमहानगरपालिका वडा नम्वर १ का वडाध्यक्षसहित पाँचजनालाई सम्मान गरेको हो । संघको आजीवन सदस्य र पूर्व अध्यक्ष रही स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिलाई सम्मान गरेको जनाएको छ ।

हेटौंडा १ का वडा अध्यक्षमा निर्वाचित आजीवन सदस्य सविन न्यौपाने, वडा नं ९ का वडा अध्यक्ष सुकराम के.सी, वडा नं १० का अध्यक्ष फुर्वा दोर्जे लामा, वडा नं ४ का वडा सदस्य जनरल श्रेष्ठ, पूर्व अध्यक्ष एवं वडा नं १० का सदस्य ईश्वर प्रसाद मैनालीलाई सम्मान गरिएको संघका अध्यक्ष राजकुमार जोशीले जानकारी दिए । कार्यक्रममा सहभागीहरुले कोरोना कहरका कारण नेपाल र भारतबीच बढेको दुरी




घटाउन अन्तरक्रिया छलफल, भ्रमणहरू हुनुपर्नेमा जोड दिएका थिए । वरिष्ठ पत्रकार वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत शैलेन्द्र कुमारले नेपाल भारतको सम्बन्ध रोटीबेटीको भन्दा माथि रहेको बताए ।

उनले विकास निर्माणका काममा सहयोग गर्न सकिने बताउँदै स्कुल सडक बनाउने जस्ता स्थानीय प्रोजेक्ट छ भने दिन आग्रह गरे । 'त्यसका लागि योजनाको डिपिआर बनाउनुपर्छ । प्रक्रियामा आउनुपर्छ र तीन तहको सरकार मध्ये एक तहले २० प्रतिशत बजेट छुट्याउनुपर्छ,' उनले भने । संस्थाको पूर्वअध्यक्ष नेपाल भारत विश्वमैत्री संघका केन्द्रीय कोषाध्यक्ष प्रविण मैनालीले सामाजिक संघ संस्थामा दोस्रो संस्था संघको ७४ जिल्लामा शाखा रहेको र १५ हजार सदस्य रहेको बताए ।

नेपाल भारतको जनस्तरमा भावानात्मक सम्बन्ध, कला, भाषाको सम्बन्ध उनको भनाइ छ । हेटौंडा उपमहानगरपालिका वडा नं १ अध्यक्ष न्यौपानेले नेपालको पर्यटकीय क्षेत्रको बारेमा भारतमा प्रचार प्रसार गर्न सके ठूलो लाभ लिन सकिने धारणा राखे ।

## बाराही आधारभूतका विद्यार्थीलाई छात्रवृत्ति

हेटौंडा, ३२ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१ स्थित बाराही आधारभूत विद्यालय लालझाडीका विद्यार्थीलाई छात्रवृति वितरण गरिएको छ । विद्यालयले शनिवार एक कार्यक्रम आयोजना गरी विद्यार्थीहरुलाई छात्रवृतिसँगै जनप्रतिनिधिहरुको स्वागत गरेको थियो । विद्यालयले जनप्रतिनिधिहरुलाई स्वागत तथा बधाइ कार्यक्रम गरेको हो । विद्यालयका विभिन्न कक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष सोमलाल स्याङतानको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका कार्यपालिका सदस्य इश्वरी रसाइलीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा वडा सदस्य मनु दाहाल, प्रधानध्यापक मञ्जु देवकोटा, स्थानीय अभिभावकलगायतको आतिथ्यता थियो ।

साझाकुरा

## हाम्रो कुरा

# विषादी परीक्षण निरन्तर जरुरी

नेपाल सरकारले २०७६ असार २ गतेदेखि भारतबाट आयात गरिने ताजा तरकारी तथा फलफूलमा विषादी परीक्षण अनिवार्य गरेपछि तत्कालीन अवस्थामा मलुकको राजनीति निकै तात्यो । भन्सार नाकामा भारतीय तरकारी तथा फलफूल बोकेका सयौं गाडी रोकिए । सरकारको निर्णयलाई सबैले सकारात्मक भने । ढिलै भए पनि सरकारले उपभोक्तालाई मन्द विषबाट मुक्त गर्ने प्रयत्न गरेकोमा सरकारको तारिफ नै भयो । तर, सरकारको यो निर्णय कार्यान्वयनमा आउन नपाउँदै एकाएक फिर्ता भयो । तत्कालका लागि भारतबाट आयात गरिने तरकारी तथा फलफूलमा विषादी परीक्षण गर्ने निर्णयबाट सरकार पछि हट्यो । भारतीय दबाबका कारण सरकार निर्णयबाट पछि हटेको भन्दै चौतर्फी आलोचना भयो । भारतीय दूतावासले सम्बन्धित मन्त्रालयलाई सरकारको निर्णयले भारतीय किसान र व्यापारीलाई मार पर्ने भन्दै निर्णय कार्यान्वयन नगर्न लेखेको पत्र सञ्चार माध्यममा सार्वजनि भयो ।

पछिल्लो समयमा तरकारी, फलफूल, माछामासु, तथा अन्य कृषि उपजमा आवश्यकभन्दा बढी मानव स्वास्थ्यका लागि हानिकारक विषादी प्रयोग गर्ने क्रम बढ्दै गएको छ । आफ्नै देशमा उत्पादन हुने र विदेशबाट आयात हुने कृषिजन्य वस्तुमा सिफारिस गरिएभन्दा बढी विषादीमात्र होइन, प्रतिबन्धित विषादीसमेत प्रयोग हुने गरेका छन् । तरकारी, फलफूल तथा अन्य कृषिउपज चाँडो तयार गर्न, रोगबाट बचाउन, आकर्षक देखाउन, बढी समय टिकाउन तथा चाँडो पकाउन विषादीको प्रयोग हुने गरेको छ । बजारमा बिक्रीका लागि आउने तरकारीमा तोकिएको सीमाभन्दा निकै बढी विषादीको मात्रा हुने गरेको विभिन्न परीक्षणहरुले पुष्टि गरेका छन् । औलो उन्मूलनका लागि सन् १९५२ अमेरिकाबाट ल्याइएको विषादी नै नेपालमा पहिलोपटक प्रयोग भएको मानिन्छ । तर, पछिल्लो समय विषादीको प्रयोग व्यापक बनेको छ । अहिले एक हजारभन्दा बढी किसिमका विषादी बार्षिक पाँच सय ७० टन आयात हुने गरेको छ । यसरी आयात हुने विषादीको ९० प्रतिशत तरकारीमा र बाँकी १० प्रतिशतमात्रै अन्य खाद्यबालीमा प्रयोग हुँदै आएको छ । यस्ता विषादीका कारण उपभोक्तामात्र नभई कृषकलाई समेत फोक्सो तथा छालाको क्यान्सर, बोनम्यारो, श्वासप्रश्वास, मधुमेह, बाथजस्ता रोगको खतरा बढ्दै गएको देखिन्छ ।

अहिले नेपालमा विषादीको प्रयोग भयावह बन्दै गएको छ । सरकारले भारतीय तरकारी तथा फलफूलमा विषादी परीक्षण गरेर मात्र आयात गर्न दिने जनपक्षीय निर्णयबाट पछि हट्दा थप आलोचित भएको छ । भित्री कारण जे भए पनि बाहिरीरुपमा सबै नाकामा विषादी परीक्षण गर्ने प्रयोगशाला नहुनुलाई सरकारले कारण देखाएको हुँदा अविलम्ब प्रयोगशाला व्यवस्था गरी यो निर्णय कार्यान्वयन गर्नुको विकल्प सरकारसँग देखिँदैन । विदेशबाट आउने विषादीयुक्त तरकारी तथा फलफूलको आयात रोकेर देशभित्रै उत्पादन हुने कृषिजन्य वस्तुमा पनि विषादीको मात्रा नियन्त्रण गर्नु अति आवश्यक भइसकेको छ । देशका मुख्य नाका र शहरमा मात्र नभई अब सबै स्थानीय तहहरुमा विषादी परीक्षण प्रयोगशाला स्थापना हुनुपर्छ । यस्ता प्रयोगशालामा आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गरी विषादी परीक्षणलाई प्रभावकारी बनाउँदै विषादीयुक्त कृषि उपज निरुत्साहित गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ श्रावण ०२ गते सोमबार १८ जुलाई २०२२ । श्रावण कृष्णपक्ष पञ्चमी । दिल्लागा ११४२ । सूर्योदय: ५:२०, सूर्यास्त: ६:५९ मा हुनेछ । कमैया मुक्ति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : खर्च र दु:ख बढ्नेछ | **तुला** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **वृष** | : वस्त्र-भोजन प्राप्त हुनेछ | **वृश्चिक** | : राजनीतिमा सफलता मिल्नेछ |
| **मिथुन** | : योजना कार्यान्वयन हुनेछ | **धनु** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कर्कट** | : व्यापार राम्रो चल्नेछ | **मकर** | : मनमा शङ्का बढ्नेछ |
| **सिंह** | : मीठो खाने अवसर मिल्नेछ | **कुम्भ** | : सञ्चित धन खर्च हुनेछ |
| **कन्या** | : गरेको कार्यमा सफलता मिल्नेछ | **मीन** | : आफन्तले कुरा काट्नेछन् |

# पपेट गभर्मेन्ट र खेताला वामपन्थ बन्नुअघि

दोस्रो विश्वयुद्धपछि अमेरिकी नेतृत्वमा सञ्चालित एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था थियो इकोनोमिक कमिशन फर एशिया एण्ड द फार इष्ट । यो संस्थाको बैठकमा सहभागी भइसकेपछि नेपालले एशोसियट राष्ट्रको सदस्यताका निम्ति आवेदन दिने वातावरण विकास भयो । र, आर्थिक विकास मुद्दाको आवरणमा नेपालको स्थायी सत्ता तिब्बत मामिलामा डोहोरियो ।



✍ पुरुषोत्तम लम्साल

नेपाल-अमेरिका सम्बन्धलाई हिन्द-प्रशान्त रणनीति, एमसीसी हुँदै पछिल्लो समय एसपीपीले गिजोलिरहेको बारे हामीले जनआस्थाको अघिल्लो दुई संस्करणमा केही विमर्श गरेका थियौं । पछिल्लो ७० वर्षसम्म नेपाल-अमेरिकाबीचको सम्बन्ध किन र कसरी एउटै रूप र स्वरूपमा छ भन्ने तर्क पुष्टि गर्न अघिल्लो अंकमा तात्कालीन काठमाडौंस्थित अमेरिकी कूटनीतिक नियोगका पदाधिकारी र वासिंगटनस्थित सुरक्षा अधिकारीबीचको पत्र र पत्रभित्र उल्लिखित विवरण थियो । त्यही सामाग्रीमा एउटा पुरानो तथ्य जसले नेपालमा अमेरिकी दृष्टिकोणलाई प्रतिनिधित्व गर्दछ, त्यसको विवरण दिने वाचा गरेको थिएँ । आजको सामाग्री त्यसैमा केन्द्रित छ ।

यो त्यतिबेलाको कुरा हो जुन बेला भारत बेलायती अंग्रेजको दासताबाट मुक्त भइसकेको थिएन । स्वाधीन भारतमा नेहरूले नेतृत्व गर्दछन् भन्ने त अंग्रेजहरूले घोषणा नै गरिसकेका थिए तर त्यसले आकार लिइसकेको थिएन । तर, भारत स्वतन्त्र हुनु तीन महिनाअघि नै नेपाल-अमेरिकाबीच अप्रिल २५-१९४७ मा ब्यापार तथा मैत्री सम्झौता भइसकेको थियो र अन्तिम राणा प्रधानमन्त्रीलाई मान्यता दिन्छु भनेर अमेरिकाले प्रतिबद्धता जनाइसकेको थियो ।

त्यो बेला नेपाल-अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापना त भइसकेको थियो तर आपसी संवाद र सम्पर्क नियमित थिएन र काठमाण्डौमा दुई देशबीचको सम्बन्धका लागि स्थायी सम्पर्क कार्यालय पनि थिएन । तर नेपालमा पश्चिमा स्वार्थ विकास गर्ने यस्तो तन्तु र कडीको निर्माण भइरहेको थियो जसलाई रोक्नसक्ने सामर्थ्य नेपालको स्थायी सत्ता र त्यसमाथि हैकम जमाउन तम्तयार अर्को कुलीन औ सम्भ्रान्त वर्गसँग पनि थिएन । (यसका लागि जनआस्थामै २०७८ बैशाख ९ गते वासिंगटनमा श्यामबजारको सन्देश शीर्षकको सामग्री पनि हेर्नुहोला ।) अमेरिकी विदेश सम्बन्धको दस्तावेज, पाँचौं ठेलीको ८३६ क्रमांकभित्र एउटा दस्तावेज भेटिन्छ जुन अगष्ट २८, १९५० मा टंकण भएको थियो । दस्तावेजमा स्पष्टसँग तत्कालीन अमेरिकी विदेश नीति, अमेरिकी रक्षा मामिलाबारे 'टु दि प्वाइन्ट' केही कुरा छन् । त्यसमा लेखिएको छ, 'हाम्रो (अमेरिकाको) आधारभूत लक्ष्य नेपालमा गैरकम्युनिष्ट सरकार निर्माणमा सहयोग गर्दै सोभियत रुसी धूरीको प्रभाव कम गर्दै पश्चिमा प्रजातन्त्रतिर आकर्षित गर्नु र विश्वमञ्चमा नेपालको सहभागिता अभिबृद्धि गर्नु हो । अमेरिका प्रजातान्त्रिक पद्धतिअनुरूपको संस्थागत राजनीति र आर्थिक गतिविधिमा जोड दिन्छ ।' यसका लागि उसको आफ्नै शर्त थियो । यसप्रकार छ: 'प्रभावकारी कार्यान्वयन नभएको २००४ सालको संविधानअन्तर्गत रहेर नेपाल सरकारले सबैखाले कम्युनिष्ट गतिविधिलाई सचेत र सावधान भई ब्यवहार गरेको विश्वास दिलाउनुपर्नेछ ।'

बदलामा 'सोभियत भिटोका कारण अस्वीकृत भएको संयुक्त राष्ट्रसंघमा नेपालको सदस्यता आवेदनलाई अमेरिकाले समर्थन गर्ने र सोभियत धूरीको विपक्षमा रहेका सबैसँग निरन्तर र समान रूपले काम गर्ने' अमेरिकी चाहना विवरणमा उल्लेख छ । दस्तावेजमा भनिएको छ: 'नेपाल यदि संयुक्त राष्ट्रसंघको सदस्य भएको अवस्थामा अमेरिकाको समस्यालाई आफ्नै समस्याको रूपमा लिएर सहकार्य गर्न र समस्याको अन्तर्राष्ट्रियकरण गर्न चाहन्छ ।'

दोस्रो विश्वयुद्धपछि अमेरिकी नेतृत्वमा सञ्चालित एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था थियो इकोनोमिक कमिशन फर एशिया एण्ड द फार इष्ट । यो संस्थाको बैठकमा सहभागी भइसकेपछि नेपालले एशोसियट राष्ट्रको सदस्यताका निम्ति आवेदन दिने वातावरण विकास भयो । र, आर्थिक विकास मुद्दाको आवरणमा नेपालको स्थायी सत्ता तिब्बत मामिलामा डोहोरियो । अमेरिकाले 'रुसी र चिनियाँ कम्युनिष्टको स्वार्थको चपेटामा नेपाल र हिमालय क्षेत्र प्रभावित भएको' निश्कर्ष निकाल्दै 'तिब्बत र सिञ्जियांग प्रान्तका गतिविधिको प्रभाव'लाई कारणको रूपमा व्याख्या गऱ्यो । नेपालमा स्थायी अमेरिकी कार्यालय किन आवश्यक छ ? दस्तावेजमा उल्लेख छ: 'उक्त अवस्थामा तिब्बत मामिलामा सूचना सञ्जाल निर्माण र विस्तार गर्न सकिनेछ ।' अमेरिकाले त्यतिबेला नेपालसँग 'अमेरिकी नागरिकलाई नेपाल प्रवेश र भ्रमणका लागि अझ बढी स्वतन्त्रता दिइने विषयमा विश्वस्त बनाउन नेपाल सरकारसँग आग्रह' गर्नुका पछाडि मुख्य कारण त्यही थियो । तात्कालीन अमेरिकी नीतिको अर्को मुख्य हरफ भन्छ- पश्चिमा प्रभाव विस्तारका लागि कूटनीतिक संयन्त्रमार्फत नेपाल प्रवेश गर्न अमेरिका जोड दिन्छ ।

दस्तावेजमा यो पनि भनिएको छ- 'लडाकू जातिको रूपमा चिनिएको गोर्खा सैनिकले भारत र बेलायतमा सैनिक निर्यात गर्दै आइरहेको छ । अमेरिका आश्वस्त हुन चाहन्छ कि नेपालले अमेरिका र अमेरिकी गठबन्धनका लागि सैनिक जवान निर्यात गरोस् (दस्तावेज उही) ।'

ठीक यही बुँदामा उभिएपछि नेपाल र अमेरिकाबीच चार बुँदे कार्यक्रम (फोर प्वाइन्ट प्रोग्राम) प्रवेश गर्दछ । यो चार बुँदे कार्यक्रमको विस्तृत चर्चा अरु कुनै बेला गरौंला । तर, चौथो बुँदामा वर्णन गरिएको छ, 'भौगोलिक सर्भेका क्रममा उच्चस्तरीय खनिज फेला परे हामी आशा राख्छौं कि त्यसमा हाम्रो (अमेरिकी) दावी रहोस् र अमेरिकाविरोधी (अनफ्रेण्डली पावर्स)को हस्तक्षेप अस्वीकार गर्ने नेपाल सरकारको प्रतिबद्धता आओस् ।' भारतबाट फिर्ता भएपछि बेलायतले नेपाललाई बैदेशिक सम्बन्धमा सम्मानित स्थान दिन अपिल गरेको थियो ।

'प्रतिबन्धित राजनीतिक गतिविधिका लागि भूमि, सहयोग र सहायताका अन्य माध्यमबाट भारतले नेपालको प्रजातान्त्रिकीकरणमा आफ्नो प्रभाव र प्रभुत्व स्थापना गरेको' अमेरिकी प्रशासनको निश्कर्ष थियो । 'नेपाल-भारत सम्बन्धको यो अवस्था कतिसम्म पर जान्छ भन्ने निश्चित छैन भन्दै नेपालमा कस्तो सरकार बनाउने भन्ने विषय अमेरिकी स्वार्थभित्र पर्दैन तर नेपालमा प्रजातन्त्र स्थापनाका लागि कम्युनिष्ट गतिविधिको संगठित घुसपैठ भइरहेको विषयमा भारतीय अधिकारीहरूसँग सावधानीपूर्वक र अनौपचारिक तहमा खुला संवाद आवश्यक छ' भन्ने अमेरिकी निचोड थियो ।

स्वतन्त्र भारतको प्रधानमन्त्री, विदेशमन्त्रीलगायत चार मन्त्रालय सम्हालेका जवाहरलाल नेहरूको 'नेहरू डक्ट्रिन' दक्षिण एशियाली राजनीतिको तात्कालीन वस्तुस्थिति बुझ्ने कोशेढुंगा हो । नेहरू डक्ट्रिन नकेलाई नेपाल र नेपालको राजनीतिक विकासको जग खन्न पनि सकिँदैन न त नेपालमा कसरी 'नेहरूका कठपुतलीहरू' राज्य व्यवस्थामा स्थापित भए भन्ने नै बुझिन्छ । यसलाई त्यतिबेलाको (७० वर्षअघिको) अमेरिकी खुफिया दस्तावेजमा पनि स्पष्टसँग सम्बोधन गरिएको छ । 'भारतीय प्रधानमन्त्री नेहरूले नेपालमाथिको हस्तक्षेप भारतविरुद्धको पनि आक्रमण हो भनेर सार्वजनिक घोषणा गरेका छन्, दस्तावेजमा उल्लेख छ- यो मध्य एशियाका छिमेकी देशहरूबाट विस्तार भइरहेको कम्युनिष्ट संक्रमणको विषय भएकाले भारतका लागि पनि चुनौती हो ।'

नेपालको कम्युनिष्ट आन्दोलनभित्र संघर्षको प्रधान शत्रु र गौण शत्रु केलाउँदा केही बुँदा ठोस् छन् । जस्तै एक, सामन्तवाद (देशीय सामन्तवाद) र त्यसको नेतृत्व गर्ने राजतन्त्र लोकतान्त्रिक गणतन्त्रको प्रधान शत्रु हो । साम्राज्यवाद र विस्तारवाद त्यसपछिका शत्रु हुन् । दुई, प्रधानशत्रुलाई परास्त गर्न जनवादी (कम्युनिष्ट) ले समाजवादी सहकार्य गर्नु अनिवार्य छ । तीन, प्रधान शत्रु पराजित भएको अवस्थामा लोकतान्त्रिक गणतन्त्र सम्भव छ । चार, सामन्तवादलाई पराजित गर्न वर्गसंघर्ष अनिवार्य छ र त्यसको आधार किसान संघर्ष हो । पाँच, किसान संघर्ष र ग्रामीण वर्गसंघर्षको बलमा सामन्तवादले घुँडा टेकेपछि नयाँ जनवादको मार्गप्रशस्त हुन्छ ।

जब यो राजनीतिक कार्यक्रम बनेर नेपाली माटोमा फसल दिने अवस्थामा पुग्यो त्यसले हिमालय क्षेत्र मात्र हल्लिएन दिल्ली, लण्डन र वासिङ्गटनमा पनि राजनीतिक, बैचारिक धक्का दियो । र, खेताला राजनीतिककर्मीहरूको उत्पादनको अध्याय आरम्भ भयो । एकातिर पपेट गभर्मेन्ट, अर्कोतिर खेताला वामपन्थको राजनीतिक संस्करण यही बिन्दुबाट आरम्भ भयो । आगामी अंकमा नेपालमा खुफिया प्रभावको सन्दर्भ र सामाग्रि, महेन्द्रको राष्ट्रवादको बर्कोभित्र छोपिएको पश्चिमी स्वार्थको पेटारा खोल्ने ऐतिहासिक दस्तावेजको अंश लिएर भेट हुनेछ । जदौ ! *- साभार: जनआस्था*

# हामी नेपाली चार प्रकारका भ्रष्टाचारी



✍ डा. महेश पन्त

भ्रष्टाचार शब्दलाई केलाएर हेर्दा यसको मतलब हुन्छ- भ्रष्ट आचरण । र, त्यस्तो आचरण भएको व्यक्तिलाई भ्रष्टाचारी भनिन्छ । अब प्रश्न उठ्छ- के हो भ्रष्टाचार र को हो त भ्रष्टाचारी ?

सामान्यत: भ्रष्टाचारलाई राजनीतिक नेता, सरकारी संस्था वा कर्मचारीहरुबाट हुने गैरकानुनी कामकारबाही र बदनियतपूर्ण आर्थिक चलखेल भनेर बुझिन्छ । अर्को भ्रष्टाचार, जुन गैरकानुनी नहुनसक्छ, तर नीतिनियमलाई नै बदनियतपूर्ण तरिकाले संशोधन गरेर आर्थिक वा अन्य लाभ लिइन्छ, जसलाई नीतिगत भ्रष्टाचार भनिन्छ । तर, यी कुनै पनि परिभाषाले सामान्य व्यक्तिको भ्रष्ट आचरणलाई भ्रष्टाचार भन्दैन । यसले गर्दा अरुलाई भ्रष्टाचार गर्न लगाउने र भ्रष्टाचारीको आम्दानीमा मोजमजा गर्ने व्यक्तिहरु सधैँ चोखा देखिन्छन् ।

पृथ्वीनारायण शाहले भनेजस्तै घुस खाने र खुवाउने दुवै नै देशका शत्रु हुन् । यसआधारमा भ्रष्टाचार गर्ने, अरुलाई भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने र भ्रष्टाचारीको आम्दानीमा मजा गर्ने व्यक्तिहरु सबै नै भ्रष्टाचारी हुन् । यो परिभाषाको आधारमा हाम्रो नेपालमा सायद त्यस्ता थोरै व्यक्ति मात्र होलान्, जो भ्रष्टाचारी होइनन् । प्रष्ट शब्दमा भन्ने हो भने हाम्रो नेपाली समाजले भ्रष्ट आचरणलाई नि:सर्त स्वीकारेको छ ।

*अब माथिको फराकिलो परिभाषाभित्र पर्ने भ्रष्टाचारका केही उदाहरणहरु हेरौं ।*

१. एउटा कालोबजारी गर्ने व्यापारी, जसले उपभोक्ताहरुलाई ठगेर अकुत सम्पत्ति कमाउँछ ।
२. एउटा ट्याक्सीचालक, जसले यात्रुसँग तोकिएको भन्दा बढी पैसा लिन्छ ।
३. एउटा राजनीतिज्ञ, जो आफ्नो नातेदारलाई जागिर खुवाउन, शैक्षिक संस्थामा भर्ना गर्न वा छात्रवृत्ति दिलाउन, ठेक्कापट्टा मिलाउन वा राजनीतिक नियुक्ति पाउन मन्त्री वा सरकारी कर्मचारीलाई दबाब दिन्छ ।
४. एउटा सर्वसाधारण, जो आफ्नो काम चाँडै सक्न नेतालाई भनसुन गर्छ र भएन भने कर्मचारीलाई खाजा खुवाएर आफ्नो काम फत्ते गर्छ ।
५. सरकारी कर्मचारी वा नेताका आफन्तहरु, जो सरकारी संस्थाका सवारी साधन सित्तैंमा चढेर किनमेल, रमाइलो गर्छन् ।
६. तल्लो तहका कर्मचारीहरु, जो आफ्नो मासिक तलबले आफ्ना जहानपरिवार पाल्न सक्दैनन् र खाजा खर्चबापत सेवाग्राहीसँग रकम लिन्छन् ।
७. उच्चपदस्थ व्यक्तिहरु, जो ठेक्कापट्टा, नियुक्तिको माध्यमबाट अप्रत्यक्ष तरिकाले ठूलो रकम हात पार्छन् ।
८. नीतिनिर्माताहरु, जसले विद्यमान कानुन, नियमलाई तोडमोड गरेर प्रशस्त आर्थिक वा अन्य लाभ लिन्छन् ।

यी माथिका उदाहरणहरुबाट हामीकहाँ भएका भ्रष्टाचारीलाई चार वर्गमा बाँड्न सकिन्छ । पहिलो, पेसेवर भ्रष्टाचारी । भ्रष्टाचार उसको खेती हो । मनसुनले कृषि उत्पादनमा असर परेजस्तै परिस्थितिवश उसको आम्दानीमा केही तलमाथि हुनसक्छ । तर, उसले आफ्नो खाइपाई आएको पेसा छाड्दैन ।

दोश्रो, जो भ्रष्टाचारीको आम्दानीमा मोजमस्ती गर्छन् । उनीहरुलाई त्यो शौखीन जीवन बिताउने पैसा कहाँबाट र कसरी आउँछ, त्यसको मतलब छैन । वास्तवमा यी ऐजेरुहरुले नै भ्रष्टाचारलाई मलजल गरिराखेका छन् ।

तेश्रो, जो आफू तथा आफ्ना परिवारको न्यूनतम आवश्यकता पुरा गर्न भ्रष्टाचारको सहारा लिन बाध्य छन् ।

चौथो वर्गको भ्रष्टाचारीमा राजनीतिक नेताहरु पर्दछन्, जसले प्रत्यक्ष वा परोक्ष रुपमा ठूलो रकमको साथसाथै प्रभाव उपार्जन गर्दछन् जुन चुनाव जित्न र आफ्नो दलको अस्तित्व बचाइराख्न उपयोग गर्छन् ।

***किन हुन्छ भ्रष्टाचार ?***

कुनै पनि रोगको उपचारका लागि त्यो रोग के कारणले लागेको हो, पत्ता लगाउन जरुरी हुन्छ । सरकारी संस्थाहरुमा हुने गरेका भ्रष्टाचार, ढिलासुस्तीका घटना नयाँ होइनन् । भानुभक्तले 'भोलिभोलि भन्दैमा सब घर बितिगयो बक्सियोस् आज झोली' त्यसै भनेका होइनन् होला । एकजना भूतपूर्व सेनाप्रमुखले आफ्नो आत्मवृत्तान्तमा राजदरबारका कर्मचारीले सरकारी छात्रवृत्तिमा पढ्न आएका विद्यार्थीको पोसाक किन्न नयाँसडकको कपडा पसलमा जाँदा पसलेलाई कमसल कपडा दिन उत्प्रेरित गरेको उल्लेख गरेका छन् ।

यसरी हेर्दा भ्रष्टाचार हिजो पनि थियो, आज पनि छ । तर फरक के छ भने अहिले भ्रष्टाचारको स्वरुप र दायरा फराकिलो भएको छ । अझ प्रष्ट भन्ने हो भने अहिले भ्रष्टाचारको विकेन्द्रीकरण भएको छ । पहिला माथिल्लो स्तरमा मात्र हुने भ्रष्टाचार अहिले गाउँसम्म पुगेको छ । त्यस्तै, पहिले काठमाडौंका सम्भ्रान्त परिवारले मात्र भ्रष्टाचारको मोज लिन्थे भने अहिले दुरदराजका मानिसहरुले पनि भ्रष्टाचारको स्वाद चाख्न पाएका छन् ।

***यसरि भ्रष्टाचार निरन्तर बढ्दै जानुमा निम्न कारणहरु छन्:***

१. विधिको शासन कमजोर हुनु । नीतिनियम, ऐनकानुनहरु बन्छन्, तर तिनको कार्यान्वयन हुँदैन । गणतन्त्र आउनुअगाडि राजा र राजपरिवार कानुनमाथि हुन्थे । अहिले सिद्धान्तत: कोही पनि कानुनभन्दा माथि छैन । तर व्यवहारमा त्यो लागू भएको पाईंदैन । नेतृत्व वर्गकाहरु सधैँ आफू र आफ्नालाई कानुनभन्दा माथि राख्न खोज्छन्, अनि सर्वसाधारणले पनि त्यसैको नक्कल गर्छन् । यस्तो परिपाटीले कानुनी राज्यको धारणालाई कमजोर बनाउनुको साथै समाजमा अराजकताको स्थिति पैदा गरेको छ ।
२. परिवारवाद । मैले नेपालखबरमै जेठ २९ मा परिवारवाद हामी नेपालीहरु पछौटे हुनुको मुख्य कारण उल्लेख गरेको थिएँ । राज्यले नागरिकका आधारभूत आवश्यकताहरु, जस्तै शिक्षा, स्वास्थ्य, आवास, रोजगार आदिको व्यवस्था नगर्ने परिपाटीमा एउटा कमाउन सक्ने व्यक्तिमा परिवारका अन्य सदस्यहरु भर पर्नु परिवारवाद होइन । समस्या त्यतिखेर आउँछ, जब त्यो कमाउन सक्ने व्यक्तिले आफ्ना सारा बल लगाएर सबै आफन्तहरुलाई रातारात झुप्रोबाट महलमा पुऱ्याउने काम गर्छ । ती आफन्तहरु पनि कमाउनेले कसरी, कहाँबाट कमायो भन्ने बेवास्ता गर्दै कमाइमा रमाउँदै मोजमज्जा गर्दै बस्छन् । यदि उसले तिनको विलासी जीवनको खर्च धान्न नसके उसैलाई बहिष्कार गर्छन् । यसप्रकारको सामाजिक प्रवृत्तिले गर्दा पनि हामीकहाँ भ्रष्टाचार मौलाएको हो ।
३. आम्दानी र खर्चबीचको अन्तर । एउटा साधारण लेखपढ गर्न जानेको नेपालीलाई पनि यो कुरा थाहा छ कि नेपालमा अधिकांश परिवारको आम्दानी उनीहरुको न्यूनतम आवश्यकता पुरा गर्न पर्याप्त छैन । सहरी क्षेत्रमा त यो समस्या झन् चर्को छ । शिक्षा, स्वास्थ्यको व्यवसायीकरण, अनियन्त्रित बजार व्यवस्थाको कारणले हुने चर्को मूल्यवृद्धिले गर्दा नियमित आम्दानीबाट घरखर्च चलाउन धेरै परिवारलाई धौधौ पर्छ ।
४. उर्लंदो उपभोक्तावाद । खुला बजार व्यवस्था, सामाजिक सञ्जालको प्रभाव र रेमिटेन्सको आम्दानीले गर्दा आम नेपालीहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन आएको छ, जुन राम्रो हो । तर यसले निम्त्याएको उपभोक्तावादले 'घाँटी हेरी हाड निल्नु' भन्ने उपदेशलाई उपेक्षा गरेको छ । गाउँघरमा छरछिमेकीहरुको सहयोगमा हुने विवाह, व्रतबन्धजस्ता कार्यहरु अहिले होटल र पार्टी प्यालेसमा तामझामसहित गरिन्छन् । यस्ता कार्यक्रमहरुले रोजगारी बढाएको होला, देशको आर्थिक वृद्धिमा टेवा दिएको होला, तर आफ्नो औकातभन्दा बढी खर्च गर्ने परिपाटीले व्यक्ति, परिवार र समाजमा कस्तो असर पार्छ, त्यो पनि हेर्नुपर्ने हुन्छ ।

यी सबै कारणहरुबाट यो प्रष्ट हुन्छ कि भ्रष्टाचार नियन्त्रणका लागि कानुनी उपायका साथसाथै सामाजिक परिवर्तनको खाँचो छ । तर त्यो परिवर्तन कहाँबाट, कसले र कहिले सुरु गर्ने भन्नेमा छलफल आवश्यक छ । व्यक्तिगत तहमा आफ्नो औकात अनुसार मात्र खर्च गर्ने, ढोङ, देखासिकीलाई बढावा नदिने, भ्रष्टाचारीको आम्दानीमा मोजमजा गर्नुको साटो उसलाई सामाजिक बहिष्कार गर्नेजस्ता व्यक्तिगत पहलमा गर्न सकिने कामहरुबाट पनि भ्रष्टाचार लाई कम गर्न सकिन्छ ।

संस्थागत तहको परिवर्तनका लागि भ्रष्टाचारलाई पुर्ख्यौली सम्पत्ति मानेर त्यसैमा र माएकाहरुबाट परिवर्तनको आश गर्नु आकाशको फलजस्तै हो । यसका लागि सबल नागरिक समाजको खाँचो छ । सशक्त नागरिक आन्दोलनले बेलाबेलामा ठूला परिवर्तनहरु ल्याएको पनि हामीले देखेका छौं । यदि भ्रष्टाचार हाम्रो समाजको ठूलो रोग हो भने यसलाई नियन्त्रण गर्नु हामी सबैको कर्तव्य हो । यो काम सर्वप्रथम हामी आफैँबाट सुरु गर्नुपर्छ । *-साभार: नेपालखबर*

# ‘रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका छ’



काठमाडौँ, ३२ असार (रासस)/ काठमाडौँका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले राष्ट्र निर्माण र रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएको छ ।

ठमेल पर्यटन विकास परिषद्को २५, २६ र २७ औं वार्षिक साधारणसभा एवं निर्वाचनको आज उद्घाटन गर्दै उनले राष्ट्र निर्माण र रोजगारी सिर्जनामा पर्यटन क्षेत्रले खेलेको भूमिका अतुलनीय रहेको उल्लेख गरे । “पर्यटन क्षेत्रले नेपाललाई अन्तर्राष्ट्रियस्तरसम्म चिनाएको छ, कोरोनाबाट थलिएको पर्यटनलाई अगाडि बढाउन स्थानीय प्रशासन सधैँ सहयोग गर्न तयार छ”, उनले भने । केही पर्यटन व्यवसायीबाट ठमेललाई बद्नाम गराउने कार्य भएको भन्दै उनले त्यस्ता व्यवसायीमाथि स्थानीय प्रशासनले निगरानी गरिरहेको उल्लेख गरे ।

प्रजिअ रिजालले देशकै पुरानो पर्यटकीय क्षेत्रलाई जोगाएर राख्नु सबै व्यवसायी तथा घरधनीको उत्तिकै दायित्व हुने बताए । काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले ठमेल क्षेत्रमा कसरी पर्यटक बढाउन सकिन्छ भन्नेबारे सोच्न सबै व्यवसायीलाई आग्रह गरे । ठमेलको विकासका लागि स्थानीय सरकार सधैँ सहकार्य गर्न तयार रहेको उनको भनाइ थियो ।

“ठमेलको विकासका लागि सोच्नुभन्दा पनि कसरी नेतृत्व आफ्नो हातमा ल्याउन सकिन्छ भन्नेबारे व्यवसायी लागेका छन्, यो ठमेलका लागि दुर्भाग्य हो”, उनले भने । रात्रिकालीन व्यवसायलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्नेबारे व्यवसायीले सोच्नुपर्ने बेला आएको अध्यक्ष तिवारीको भनाइ छ । ट्रेकिङ एजेन्सिज एशोसियशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीले रोजगारी सिर्जना गर्ने व्यावसायिक थलो ठमेलको विकासमा सबै एकजुट भएर लाग्नुपर्ने बताए । ठमेल पर्यटन परिषद्का पूर्वध्यक्ष डा रामशरण थपलिया र समीर गुरुङले घरधनी तथा व्यवसायी मिलेर ठमेल क्षेत्रको विकासमा लाग्नुपर्नेमा जोड दिए ।

विसं २०४७ मा स्थापना भएको ठमेल पर्यटन परिषद्मा नयाँ नेतृत्वका लागि निर्वाचन हुँदैछ । निर्वाचनमा ठमेल क्षेत्रका एक हजार ५९९ घरधनी तथा व्यवसायीले आफ्नो मताधिकार प्रयोग गर्ने परिषद्का अध्यक्ष प्रकाशनरसिंह राणाले जानकारी दिए । ठमेलको नयाँ नेतृत्वका लागि भविश्वर शर्मा र ध्रुव अधिकारीको समूहबीच प्रतिस्पर्धा हुने भएको छ ।

# मेलम्चीवासीको समस्या समाधान गरेर मात्र पानी काठमाडौँ लैजान आग्रह



सिन्धुपाल्चोक, ३२ असार (रासस)/ हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्यालजेन शेर्पाले मेलम्चीवासीको समस्या समाधान गरेर मात्र यहाँको पानी काठमाडौँ लैजान आग्रह गरेको छ । बाढीले तहसनहस बनाएको हेलम्बुलाई संघीय सरकारले बेवास्ता गरेको उनको गुनासो थियो ।

स्थानीय सरकार र केन्द्र सरकारबीच तालमेल नमिल्दा विगत लामो समयदेखि काठमाडौँवासीको सपनाका रूपमा रहेको मेलम्ची खानेपानी आयोजना फेरि अन्योलमा परेको छ । स्थानीयवासीका समस्याप्रति आयोजना र संघीय सरकार उदासीन रहेका कारण मेलम्चीको भविष्य अन्योलमा परेको अध्यक्ष शेर्पाको आरोप थियो ।

पछिल्लो समय गत असार र साउनमा आएको भीषण बाढीले बाटोघाटो पुलपुलेसा सबै बगाएपछि अवरुद्ध भएको आयोजनामा गाउँपालिकाकै सक्रियता र सहयोगमा सञ्चालन भएको थियो ।

मेलम्चीको पानी काठमाडौँ पठाउने क्रममा गत चैत २९ गते उक्त गाउँपालिकाले स्थानीयवासीको समस्या समेटेर खानेपानीमन्त्री उमाकान्त चौधरीमार्फत प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ११ बुँदे ध्यानाकर्षण पत्र पठाएको थियो ।

मेलम्ची खानेपानी पीडित क्षेत्रका बासिन्दाका लागि सञ्चालित स्थानीय सामाजिक उत्थान कार्यक्रम (सुप) स्थानीय सरकारमार्फत सञ्चालन गर्नुपर्ने, स्थानीयवासीले पाउने खानेपानीको महसुल लेवीको टुङ्गो लगाउनुपर्ने, स्थानीय बाढीपीडितहरूलाई कम्तीमा प्रतिपरिवार २० लाख उपलब्ध गराउनुपर्ने, बाढीका कारण बगेका व्यवसायीहरूको व्यवसाय पुन:स्थापनामा सहयोग गर्नुपर्नेलगायत मागहरू उक्त ध्यानाकर्षणपत्रमा समेटिएको थियो ।

हेलम्बुका समस्याबारे जानकार हुँदाहुँदै र पटक-पटक स्थानीय जनसरोकारका विषयमा अवगत गराउँदा पनि नेपाल सरकारको आव ०७९/८० को नीति तथा कार्यक्रम र बजेटमा समेत आयोजनाका विषयमा एक शब्द पनि नबोलिनु दु:खद भएको गाउँपालिका अध्यक्ष शेर्पाले गुनासो गरे । उनले आयोजनामा अफ्ठ्यारो पर्दा स्थानीय सरकारका तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम गरेर केन्द्र सरकारलाई सहयोग गरे पनि आफूहरूको समस्या समाधानमा भने चासो नदेखाएको उनको गुनसो थियो ।

# हेटौँडाका ११ मन्दिरमा साइकलबाट परिक्रमा



साझाकुरा संवाददाता

हेटौँडा, ३२ असार/ हेटौँडाका ११ वटा धार्मिक स्थलहरुमा साइकलबाट परिक्रमा गर्दै कोरा साइकल गरिएको छ । हिमालयन राइर्डस सोसाइटीको आयोजनामा हेटौँडामा कोरा साइकल-२०२२ कार्यक्रम गरिएको हो ।

हेटौँडा उपमहानगरका उपमेयर राजेश बानियाँको प्रमुख अतिथ्यता रहेको कार्यक्रममा सोसाइटीका अध्यक्ष चेतनाथ आचार्यले अध्यक्षता गरेका थिए । हेटौँडा नगरका ११ वटा मन्दिरलाई परिक्रमा गर्दै १८ किलोमिटर साइकल यात्रा गरिएको सोसाइटीका सचिव राजु थापा मगरले बताए । कोरा साइकलमा ८५ जनाले सहभागिता जनाएका थिए । हेटौँडा ४ मा रहेको भुवनेश्वर मन्दिरबाट सुरु भई कुष्माण्ड देवी मन्दिर हुँदै गोरक्षश्वर मन्दिरबाट वाइपास हुँदै तिरतिरे धारा, जलेश्वर मन्दिर, वनस्खण्डी, मुक्तेश्वर, दक्षिणकाली, रुद्रेश्वर, लक्ष्मीनारायण मन्दिर हुँदै भुटनदेवी मन्दिर परिसरमा पुगेर समापन गरिएको थियो ।

उपमेयर बानियाँले हेटौँडामा साइकल लेनको सुरु गरिएको अवस्थामा अब सडक निर्माण गर्दा साइकल ट्र्याक नै निर्माण गरिने प्रतिबद्धता जनाए । उनले अन्य खेल जस्तै साइकलका क्षेत्रका खेलकुदलाई उपमहानगरले प्राथमिकतामा राख्दै साथ र सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । कार्यक्रममा वडा नम्बर १ का वडा अध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपाने, वडा नम्बर २ का विष्णुगोपाल महर्जन, वडा नम्बर ५ का सुशिल घिमिरे, वडा नम्बर १० का फुर्वादोर्जे लामालगायत विभिन्न मन्दिर समितिका अध्यक्ष तथा पदाधिकारीहरुको उपस्थिति थियो ।

# जलविद्युत् प्रवर्द्धनका लागि भारतीय लगानीकर्तालाई आह्वान



काठमाडौँ, ३२ असार (रासस)/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जलविद्युत्को क्षेत्रमा थप लगानी विस्तार गर्न भारतीय प्रवर्द्धकलाई स्वागत गर्न नेपाल आतुर रहेको बताएको छ ।

तीनदिने भारत भ्रमणमा रहेका अध्यक्ष दाहालले शनिबार ‘फाउन्डेशन फर पब्लिक अवेयरनेस एन्ड पोलिसी’ (एफपिएपि) द्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि, पूर्वाधार, सम्पर्क सञ्जाल, निर्यातजन्य लघु, साना तथा मझौला उद्योगलगायत उच्च सम्भावना भएका क्षेत्रलाई प्राथमिकतामा राखिएको बताए ।

जलविद्युत् उत्पादनमा नेपालमा प्रचुर सम्भावना रहेको उल्लेख गर्दै उनले भारत विश्व अर्थतन्त्रको मुख्य केन्द्र बन्दै गरेको अवस्थामा विद्युतीय ऊर्जाको माग बढी रहेको बताए । ऊर्जा क्षेत्रमा भएका द्विपक्षीय सहकार्यमार्फत दुवै देशले सामूहिक लाभ लिन सक्ने जनाउँदै उनले ऊर्जा सुरक्षा र हरित विकासमा नेपालको जलविद्युत् महत्वपूर्ण हुने बताए । ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल र भारत गत अप्रिलमा सहमति भएको उल्लेख गर्दै उनले सोही आधारमा दीर्घकालीन रूपमा जलविद्युत्को विकास गरिने बताए । नयाँ प्रसारण लाइनमार्फत अन्तरदेशीय प्रशारण लाइनको सवलीकरण गरिएको र यसबाट दुई देशबीचको ऊर्जा व्यापारको सम्भावना थप विस्तार भएको उनले बताए । “नेपालबाट ३६० मेगावाट विद्युत् भारत निर्यात भइरहेको छ, यसलाई दीर्घकालीन रूपमा विस्तार गर्न चाहन्छौँ”, पूर्वप्रधानमन्त्री दाहालले भने, “नेपाल-चतभारतबीच भएको पछिल्लो समझदारीका आधारमा बंगलादेश, भूटान, भारत र नेपाल सम्मिलित (बिबिआइएन) मार्फत क्षेत्रीय विद्युत् व्यापारका लागि मार्ग प्रसस्त भएको छ ।”

# कांग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्छः नेता कोइराला



चितवन, ३२ असार (रासस)/ नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले संघीय र प्रादेशिक निर्वाचनमा कांग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्ने बताएको छ ।


नेपाल प्रेस युनियनले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल जारी रहेको बताए । उनले भने, “गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल भइरहेको छ, गठबन्धन गर्दै गर्दा कांग्रेसलाई कमभन्दा कम क्षति हुने गरी जानुपर्छ ।”

स्थानीय तहको निर्वाचनमा आफ्ना कार्यकर्ताभन्दा पनि मतदाता कति हुन् भन्ने बुझ्न कठिन भएको उनले बताए । उनले भने, “स्थानीय निर्वाचनमा हामीले रुखमा, हसिया हथौडामा, कलममा, छातामा मतदान गर्न भन्यौँ, तर आफ्ना मतदाता कति हुन् भन्ने बुझ्न सकिएन ।”

फरक प्रसङ्गमा उनले नेपाली कांग्रेस कुनै समूहको पार्टी नभएको बताए । उनले भने, “कांग्रेस विधिविधानअनुसार हिँड्नुपर्छ ।” पार्टी सभापतिले सबैलाई मिलाएर हिँडाउनुहुन्छ भन्ने चाहना आफ्नो रहेको उनले बताए । आफू भागबण्डाका पक्षमा नरहेको जनाउँदै उनले पार्टी वैधानिकरूपमा चलोस् भन्ने रहेको जिकिर गरे ।

आफूसँग विचार मिल्ने साथीसँग छलफल गर्दा भाग खोज्यो भन्नु हल्ला रहेको उनको भनाइ थियो । कांग्रेस कम्युनिष्ट प्रवृतिबाट जान नहुने भन्दै उनले सरकार र सभापतिले गरेका नकारात्मक कुराको खण्डन गर्दै पार्टी बलियो बनाएर लैजानुपर्ने बताए । कांग्रेसको नेतृत्वमा सरकार छ भन्दैमा सरकारले गरेका गलत कामको खण्डन गर्नु हुँदैन भन्ने नरहेको उनको भनाइ थियो ।

# वाईसीएलद्वारा अर्थतन्त्र सुधार्ने प्रयास गर्न माग



काठमाडौँ, ३२ असार (रासस)/ योङ कम्युनिष्ट लिग (वाइसिएल) नेपालले कोरोना महामारीको विश्वव्यापी प्रभावका कारण नेपाली अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव न्यूनीकरण गर्ने सरकारका प्रयास पर्याप्त नभएको भन्दै अर्थतन्त्रका सूचकलाई सकारात्मक र सन्तुलित राख्न राज्यका तर्फबाट आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको छ ।

वाइसिएल नेपालले प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन, उत्पादनमुखी अर्थतन्त्रको निर्माण, अनावश्यक खर्च कटौती र आर्थिक मितव्ययितालगायत उपाय अवलम्बन गरी मुलुकले झेल्नुपरेका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको हो ।

राज्यका उच्च निकायमा कार्यरत अधिकारी नै ‘नेपाल श्रीलंका बन्न सक्छ’ भन्ने अभिव्यक्ति दिँदै निराशाको सञ्चार गर्ने र परिस्थिति भड्काउने षडयन्त्रमा लागेको भन्दै वाइसिएलले त्यस्ता निराशावादी अभिव्यक्ति दिने जिम्मेवार अधिकारीलाई कारबाही गर्न माग गरेको छ । वाइसिएलले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी प्रतिपक्षी दलको अर्थ तथा योजना विभागको सदस्य रहेको भन्ने विषय सार्वजनिक भइसकेकाले गभर्नरलाई यथाशीघ्र पदमुक्त गरी छानविनको दायरामा ल्याउन माग गरेको छ ।

अर्थतन्त्रले जटिल परिस्थितिको सामना गरिरहेको परिस्थितिमा नेपाल प्रहरीका लागि थप हतियार खरिदका निम्ति बजेटको व्यवस्था गरिनु राष्ट्रिय आवश्यकता र नागरिक चाहना हुन नसक्ने ठहर गर्दै वाइसिएलले हतियार खरिदका लागि निकासा गरिएको बजेट खारेज गर्न माग गरेको छ ।

आर्थिक क्षेत्रमा पारदर्शीता र मितव्ययिता कायम गर्दै अनुत्पादक क्षेत्रको बजेट कटौती गर्नुपर्ने अवस्थामा गण्डकी प्रदेशका मुख्यमन्त्री, मन्त्री र राजनीतिक नेताका परिवार तथा आफन्तका नाममा स्थापना भएका संस्थाका लागि ठूलो रकम विनियोजन गरिएकामा आफूहरूको ध्यानाकृष्ट भएको जनाउँदै वाइसिएलका अध्यक्ष सुमन देवकोटाले ज्ञापनपत्रमार्फत बजेटका त्यस्ता प्रावधान खारेज गरी लोकतन्त्रप्रति जनविश्वास बढाउन संघ, प्रदेश र स्थानीय सरकारलाई आग्रह गरिएको जानकारी दिए ।

वर्षायाममा आउने बाढी पहिरो, हिउँदको समयमा हुने आगजनीलगायत प्राकृतिक प्रकोपका कारण सयौँ नेपालीले ज्यान गुमाउनुपर्ने अवस्था देखिएको जनाउँदै वाइसिएलले नागरिकको सुरक्षा, राष्ट्रिय एवं नागरिकको सम्पत्तिको संरक्षण र युवाहरूको सीप एवं क्षमताको अभिवृद्धिका लागि १८ देखि ४० वर्षभित्रका सबै युवालाई विपद् व्यवस्थापन तालिम दिन माग गरेको छ ।

“कृषि प्रधान मुलुकमा खेतीपातीका समयमा किसानले मल र बिउ पाउन सकेका छैनन्, जसका कारण कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान संकुचित हुने खतरा बढिरहेको छ, नयाँ शैक्षिक सत्र प्रारम्भ भएको तीन महिना बितिसक्दा पनि विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गर्न सकेका छैनन”, ज्ञापनपत्रमा भनिएको छ, “किसानका निम्ति यथाशीघ्र मलबीउ, किटनाशक औषधि र विद्यार्थीका निम्ति पाठ्यपुस्तक उपलब्ध गराउन माग गर्दछ ।”

# ‘कोरा भक्तपुर साइक्लिङ यात्रा’ सुरु

भक्तपुर, ३२ असार (रासस)/ भक्तपुरको पर्यटकीय क्षेत्रलाई विश्वमाझ चिनाएर स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गर्न भक्तपुरमा ३०० बढीले साइकल यात्रा सुरु गरेका छन् ।

पैदल र प्याडलमैत्री सहर मुख्य नारासाथ साइकल कनेक्ट भक्तपुरको आयोजनामा शनिबार बिहान साइक्लिङ च्यालेन्ज यात्रा कार्यक्रमअन्तर्गत ‘भक्तपुर कोरा २०२२’ सुरु भएको हो ।

साइकल कनेक्ट भक्तपुरका अध्यक्ष सुनिल बालाले भक्तपुर, काठमाडौँ, ललितपुर तथा काभ्रेपलाञ्चोकको सिमानासम्मका पर्यटकीय एवं सम्पदास्थलको साइकलबाट परिक्रमा गर्ने गरी भक्तपुर दरबास्क्वायरबाट ५०, ७५ र १०० किलोमिटरको तीनवटा रुटमा यात्रा सुरु गरेको जानकारी दिए । च्यालेन्जमा ५० किलोमिटरमा आठ महिलासहित १३८, ७५ किलोमिटर मा दुई महिलासहित ४७, १०० किलोमिटरमा तीन महिलासहित १०७ र अन्य ३०० भन्दा बढीको सहभागिता छ । अध्यक्ष बालाले भने, “पर्यटकको आगमन बढाउन र कोरोनाबाट मृत्यु भएका साइक्लिष्ट यमलाल रसाइको परिवारलाई सहयोग गर्न छ लाखको कोष स्थापनाको लक्ष्य छ ।”

कार्यक्रम संयोजक सुनिल ख्याजुले तीनवटा रुट बनाएर भक्तपुरका चारै नगरपालिकाका सहरदेखि ग्रामीण क्षेत्रसम्मका आकर्षक पर्यटकीय क्षेत्रको अवलोकन गरिने बताए । यात्रामा सहभागी होटल हाइल्याण्ड रिसोर्ट रानीकोटका सञ्चालक रामसुन्दर बकँले साइकलबाट आन्तरिक तथा बाह्य पर्यटनको विकास गर्न सकिन्छ भनिन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकै परिवारका तीन सदस्यद्वारा लिखित चार कृति विमोचन

काठमाडौँ, ३२ असार (रासस)/ एकै परिवारका तीन सदस्य साहित्यकार मोतिशोभा श्रेष्ठ, प्राडा सृजना श्रेष्ठ र प्राडा सविना श्रेष्ठ बिजुक्छेद्वारा लिखित नेपाल भाषाका चार पुस्तक विमोचन गरिएको छ ।

नेपाल भाषा फाउन्डेशनले शनिबार आयोजना गरेको कार्यक्रममा आमा मोतिशोभाका ‘नेपालमा घरेलु उद्योगको विकास’, ‘प्रकृति, सम्झनाको डायरी, सत्य र आमा, आँसु’ लघु उपन्यास सङ्ग्रह, छोरी प्राडा सृजनाका ‘प्रश्न चिह्नदेखि पूर्णविरामसम्म र बादललाई के थाहा ?’ कविता संग्रह तथा अर्की छोरी प्राडा सविनाको ‘जिन्दगी एक प्रश्नचिह्न र मनको स्पर्श’ कविता संग्रह विमोचन गरिएको हो ।

उक्त चारवटै कृतिको विमोचन गर्दै नेपाल भाषा एकेडेमीका कुलपति यज्ञरत्न धाख्वाले नेपाल भाषाको विकास र विस्तारमा उक्त कृतिले सहयोग पुग्ने विश्वास व्यक्त गरे । “एकै परिवारका तीन सदस्यले एकैपटक नेपाल भाषामा चार पुस्तक प्रकाशनमा ल्याउनु गर्वको कुरा हो, नेपाल भाषा साहित्यको यो कलम निरन्तर अगाडि बढ्दै जाओस्”, उनले भने ।

पूर्वअर्थमन्त्री एवम् साहित्यकार शङ्करप्रसाद कोइरालाले अनुवाद साहित्यलाई अगाडि बढाउन नसक्दा नेपाली साहित्य अन्तर्राष्ट्रिय स्तरसम्म फैलिन नसकेको बताए । उनले मोतिशोभाले यसअघि नेपाली भाषामा लेखेका कृतिलाई अनुवाद गरी नेपाल भाषामा ल्याएको जनाउँदै उक्त अनुवादले नेपालभाषा बुझ्ने र जान्नेका लागि सहयोग पुगेको उल्लेख गरे । साहित्यकार एवम् पूर्वप्रशासक मोतिशोभाले कोरोनाको समयको सदुपयोग गरेर आफूले लघु उपन्यास लेखेर नेपाल भाषामा अनुवाद गरेको बताए । साहित्यकारद्वय सृजना र सविनाले आफूले विद्यार्थीकालमा कोरेको सिर्जनालाई अहिले नेपाल भाषामा पस्केको बताए ।

मोतिशोभाका लघु उपन्यासमा नेपाली समाजमा महिलाको जीवनसँग गाँसिएका केही महत्वपूर्ण पक्षलाई सरल भाषामा दर्शाइएको छ । उनी नेपाल सरकारको अवकाश प्राप्त सहसचिवसमेत हुन् ।

कवियित्री सृजनाका कवितामा मान्छे, मन र मानव जीवनका भावनात्मक यात्रा र त्यसभित्रका आरोह अवरोहलाई प्रष्ट्याउने कोसिस गरिएको पाइन्छ । उनी हाल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बालरोग विशेषज्ञ तथा प्राध्यापकका रूपमा रहेको छ ।

कवियित्री सविनाका कवितामा प्रकृति, सौन्दर्य, जीवन र समयका विभिन्न अध्यायलाई प्रष्ट्याइएको छ । यस्तै मनका जिज्ञासा, कौतुहलता र प्रश्न लगायतका माया, प्रेम र समाजका अन्य परिवेशलाई कवितामा समेटिएको छ । उनी हाल काठमाडौँ मेडिकल कलेजमा बाल आँखा रोग विशेषज्ञ तथा प्राध्यापकका रूपमा रहेको छ । उक्त पुस्तक यसअघि नेपाली भाषामा प्रकाशित भइसकेका छन् ।

# प्याराग्लाइडिङ विस्थापन नभई व्यवस्थापन गर्न व्यवसायीको माग

पोखरा, ३२ असार (रासस)/ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै पोखराको साहसिक पर्यटकीय पहिचान बनेको प्याराग्लाइडिङ विस्थापित हुने हो कि भन्ने कुराले प्याराग्लाइडिङ व्यवसायीलाई चिन्तित बनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल पोखरामा ल्याउन सक्रिय व्यवसायी त्यही विमानस्थलले झण्डै डेढ अर्ब लगानीको व्यवसाय विस्थापित हुने हो कि भन्ने चिन्तामा छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सकिएकाले आगामी जनवरीमा सञ्चालनमा ल्याउने तयारी गरेको छ । सोको लागि प्याराग्लाइडिङलाई विकल्पको छनोट गरेर सार्न निर्देशन दिइएको छ । तर, व्यवसायीको माग पोखराको आकाशबाट विस्थापन नभई व्यवस्थापन हुनुपर्छ भन्ने छ ।

“प्याराग्लाइडिङ साहसिक पर्यटनको एउटा ब्राण्ड हो, पोखराको आकाशमा उड्न जति पर्यटक रमाउँछन् त्यो अन्यत्रबाट हुँदैन । तसर्थ यही कतै व्यवस्थापन गर्नुपर्छ”, नेपाल हवाई खेलकुद संस्था (ना)का अध्यक्ष सुनिलबहादुर भट्टराईले भने । उनले सरकारले चाह्यो भने समय छुट्टाएर यही आकाशबाट उडाउन सक्ने र आफूहरूको पनि त्यही माग भएको बताए । “हामी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने भन्ने विषयमा जति उत्साहित भएका थियौँ, अहिले विमानस्थल निर्माणसँगै कतै आफ्नै व्यवसायनै विस्थापित हुन्छ कि भन्ने चिन्ताले पिरोलिएका छौँ”, भट्टराईले थपे ।

जहाज उडानको समय तालिकालाई ध्यान दिएर प्याराग्लाइडिङको लागि दुई घण्टा समय तोकेरै भए पनि सञ्चालन गर्नुपर्ने उनको भनाइ छ । नाका पूर्वअध्यक्ष योगेश भट्टराई प्याराग्लाइडिङको व्यवस्थापनमा सरकारले विशेष चासो दिनुपर्ने बताउँछन् । “हामीलाई पूर्वाधार मात्र होइन पूर्वाधार निर्माण पछि आउने पर्यटक पनि चाहिएको हो जसले पोखरामा आनन्द लिन सकुन र उनीहरूको बसाई पनि लम्बियोस् ।” पोखराको प्याराग्लाइडिङ उडान विश्वमै उत्कृष्ट तीनभित्र पर्ने र साहसिक पर्यटकको लागि उपयुक्त गन्तव्य भएको व्यवसायी बताउँछनु । विश्वका कतिपय देशमा जहाज उडानसँगै ‘एयर स्पोर्ट्स’ गतिविधि हुने गरेकाले आधुनिक प्रविधिको प्रयोग गरेर ती देशमा भएका अभ्यासको अध्ययन गरेर अनुशरण गर्न सकिने व्यवसायीको भनाइ छ । ।

प्राधिकरणले अहिलेसम्म यस विषयमा विशेष चासो राखेर व्यवसायीको आवाजलाई सम्बोधन गर्नेतर्फ नलाग्नु दु:खद् भएको उनको भनाइ छ । “अब कसरी जाने विकल्प के के हुन सक्छ ? विमानस्थलसँगै पोखराको आकाशमा प्याराग्लाइडिङ उडानको सम्भावना अध्ययनको रिपोर्ट के छ भन्नेबारेमा पनि स्पष्ट धारणा आएको छैन, उडान सम्भव छैन मात्र भनिएको छ”, उहाँले प्राविधिक कुरा भएकाले व्यवस्थापन गर्नसके सम्भव हुने बताए ।

निर्वतमान अध्यक्ष कृष्ण भण्डारीले पोखराको आकाशबाट उडान हुनुपर्ने र त्यसको प्राविधिक व्यवस्थापनसँगै दिगो पर्यटनका लागि प्राधिकरणले सोच्नुपर्ने बताउछन् । जहाजको ‘ओभर सुट मिस एप्रोज’ हुँदा त्यसलाई ‘राइट टर्न’ नगरी ‘लेफ्ट टर्न’ गऱ्यो भने प्याराग्लाइडिङ पनि हुने र जहाज उडानमा थप सुरक्षा हुने भएकाले प्राधिकरणले यसलाई अवलम्बन गरेर सञ्चालन गर्न उनको आग्रह छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई पोखरामा भइरहेका साहसिक उडानका गतिविधि रोकिँदा पर्यटकको पोखरा बसाई पनि घट्न सक्ने बताउँछन् । अहिले पोखरामा पर्यटकको बसाई अवधि औसत दुई दिन छ । टानका प्रथम उपाध्यक्ष धर्मराज पन्थी पोखरालाई विश्वमा चिनाउने पदमार्ग मोटरेबल बाटोले विस्थापित गरायो अब प्याराग्लाइडिङ पनि विस्थापित हुने होकि भन्ने शङ्का बढ्न थाल्यो भन्नुहुन्छ ।

पोखराको आकाशमा सन् १९९६ देखि प्याराग्लाइडिङ उडान सुरु भएको हो । पहिलो पाइलट राजेश बमजन हुन् ।

# मकवानपुरगढीको स्थिति पत्र जारी, अघिल्लो सरकारको असल कामलाई निरन्तरता दिइने

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ मकवानपुरगढी गाउँपालिकाले आफ्नो स्थिति पत्र जारी गर्दै अघिल्लो कार्यकालमा भएका गतिविधि बारे जानकारी दिएको छ ।



शनिबार गाउँपालिकाका प्रवक्ता दिपेश दहालले गाउँपालिकाको स्थिति पत्र जारी गरेका छन् । गाउँपालिकाको स्थितिलाई मध्येनगर गर्दै गाउँपालिकाको हित र भलाईका कार्यमा समानुपातिक, समन्यायिक र समुचित तरिकाले गाउँविकासमा लाग्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

स्थिति पत्रमा अघिल्लो जनप्रतिनिधिको कार्याकालमा भएका गतिविधिलाई बाहिर ल्याइएको छ । गाउँपालिकाले आव २०७८/०७९ मा ९२ करोड ६२ लाख ८३ हजार बजेट ल्याएको भन्दै असार मसान्तसम्म ७१ करोड ७५ लाख ६१ हजार मात्रै आम्दानी गरेको उल्लेख गरेको छ ।

आम्दानी भन्दा ठुलो बजेट बनाएको अवस्थामा ठुलो रकम असार मसान्तमा भुक्तानी गर्न नसकिएकोले दायित्वको रुपमा रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकामा आर्थिक वर्ष २०७९/०८० मा ७ करोडको दायित्व सरकेको जनाइएको छ । अघिल्लो सरकारले श्रोतको सुनिश्चिता नगरी उपभोक्ताहरुसँग योजना सम्झौता गरिएको, श्रोतले धान्नै नसक्ने गरी दरबन्दी भन्दा बढी करार सेवामा कर्मचारी र दैनिक ज्यालादारीमा कामदार राखिएको स्थिति पत्रमा उल्लेख छ । गाउँपालिकाले यसकारण आर्थिक भार परेको जनाइएको छ । पटकपटक रकम रकमान्तर गरिनुका साथै कार्यपालिकाबाट निर्णय गरि थप योजना गरिएको, बजेटलाई ढिक्कामा राखेर तोक आदेशको आधारमा थुप्रै योजना बाँडफाँड गरि एको उल्लेख गरिएको छ ।

खर्चमा मितव्ययिता अपनाउन नसकेको, बजेट एकिन नगरी कार्यपालिकाबाट खरिद तथा अन्य कार्य गर्न निर्देशन भएको र श्रोत साधन यर्थाथ एकिन नगरी पालिकाले बजेट अनुमान गरिएको जस्ता कार्यले गाउँपालिकामा आर्थिक भार रहेको बताए । प्रवक्ता दाहालले पालिकाको दायित्व रकम भुक्तानी गरिने जनाएका छन् । पालिकामा रहेका अधुरा योजनाहरु रकम विनियोजन गरि पुरा गरिने उनले बताए । अघिल्लो सरकारका असल काम र अभ्यासलाई अनुसरण गरिने स्थिति पत्रमा उल्लेख गरिएको छ । अनावश्यक कर्मचारीलाई कटौती गरी दक्ष कर्मचारीबाट कार्य सम्पादन गरिने जनाइएको छ ।

गाउँपालिकाले शुक्रबार मात्रै करार सेवाका कर्मचारी हटाउने निर्णय गरेको थियो । भ्रष्टचारलाई शुन्य सहनशीलाको नीति अवलम्बन गरिने र बजेट विनियोजन भन्दा बाहेकका योजनाहरु कार्यान्वयनमा नल्याउने प्रतिबद्धता जनाइएको छ । पालिकाभित्रका सबै कार्यालयहरु प्रविधिमैत्री बनाई सेवा प्रदान गरिने प्रवक्ता दहालले बताए ।

स्थिति पत्र जारी कार्यक्रममा पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन, आर्थिक विकास समितिका संयोजक कृष्णप्रसाद बजगाईलगायतको उपस्थिति छ ।

# गोपालीको अध्यक्षतामा थाहा नगर भलिबल संघ



साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ भलिवल खेलको उर्वर भूमि थाहा नगरपालिकामा भलिबल संघ गठन भएको छ । भलिबल संघको अध्यक्षमा न्हयुछेमान गोपाली चयन भएका छन् ।

शनिवार थाहा नगरपालिकामा भएको भेलाले गोपालीको अध्यक्षतामा ११ सदस्यीय नगर कमिटी गठन गरेको हो । भेलाको जिल्ला भलिवल संघले आयोजना गरेको थियो । संघको उपाध्यक्षमा निरन थापा, सचिवमा शृजन बस्नेत, कोषाध्यक्ष राधा गोपाली तथा सदस्यहरुमा विशाल गोपाली, सुमिता वाइवा, बेल बहादुर गोले, हरेराम कार्की, भाइकाजी बलामी, रामचन्द्र गोले, राजेन्द्र बलामी चयन भएका छन् । संघको सल्लाहकारमा सुमन रायमाझी र शंकर लामा चयन भए ।

भलिवल संघको तर्फबाट सुवित्र थिङलाई थाहा नगरपालिका खेलकुद विकास समितिको सदस्यमा सिफारिस गर्ने भेलाले निर्णय गरेको छ । जिल्ला भलिवल संघका कोषाध्यक्ष शंकर कार्कीको अध्यक्षतामा भएको भेलामा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यता थियो । गोपालीले नव गठित संघका पदाधिकारीलाइ शुभकामना दिँदै खेलकुद विकासमा थाहा नगर कटिबद्ध रहेको बताए । नगरपालिकाले खेलाडी उत्पादनमा जोड दिने उनको प्रतिबद्धता छ ।

भेलामा जिल्ला भलिवल संघका उपाध्यक्ष इन्द्र प्रसाद सञ्जेल, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, वडा नम्बर २ का बमबहादुर सिङ्तान, भलिवलका पाचौं श्रेणीको प्रशिक्षक सन्तोष श्रेष्ठ, राष्ट्रिय खेलाडी इन्द्र बज्राचार्य, क्षेत्रीय खेलाडी सिसम माझीलगायतको आतिथ्यता थियो । जिल्ला भलिवल संघमा नयाँ नेतृत्व आएसँगै स्थानीय तहहरुमा भलिवल संघ गठन भइरहेका छन् । यसअघि मकवानपुरगढीमा भलिबल संघ गठन भएको थियो । जिल्लाका १० वटै स्थानीय तहमा स्थानीय भलिबल संघ गरेर गरेर भलिवल खेललाई बढावा दिइने जिल्ला संघका सचिव सन्तोष श्रेष्ठले जानकारी दिए ।

# मउवा संघको भ्रमण, वस्तुगत संघहरुको अन्तर्क्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ मकवानपुर उद्योग वाणिज्य संघको दुई दिवशीय भ्रमण तथा वस्तुगत संघहरुको अर्न्तक्रिया कार्यक्रम भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघमा आवद्ध बस्तुगत संघहरुको अन्तर्क्रिया कार्यक्रम चितवनको सौराहमा भएको हो । मउवा संघका बस्तुगत उपाध्यक्ष तथा बस्तुगत समन्वय समितिका संयोजक राजु अधिकारीको सभापतित्व, मउवासंघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालको प्रमुख आतिथ्यता, मउवासंघका उपाध्यक्ष प्रमोद सिंह रानाभाट तथा नारायणी पेट्रोलियम बिक्रेता संघका अध्यक्ष उत्सव ईटेनीको आतिथ्यता र मउवासंघमा आवद्ध विभिन्न बस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिहरुको उक्त अन्तर्क्रिया कार्यक्रममा सहभागिता रहेको थियो । कार्यक्रममा बस्तुगत संघहरुको क्रियाकलापहरुको समिक्षा र महत्वको बारेमा चर्चा गरिएको थियो । मउवा संघका बस्तुगततर्फका सदस्य प्रदीप अर्यालले कार्यक्रम संचालन गरेका थिए ।

यसैगरी, ३१ असारमा रत्ननगर उद्योग वाणिज्य संघ चितवनमा बस्तुगत संघ सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम भएको छ ।

रत्ननगर उवासंघका बस्तुगत उपाध्यक्ष रघुनाथ भट्टको सभापतित्व, निवर्तमान अध्यक्ष राजाराम रेग्मी, मउवासंघका उपाध्यक्षद्वय प्रमोद सिंह रानाभाट, राजु अधिकारी, र त्ननगर उवासंघका उपाध्यक्ष भीम नारायण श्रेष्ठ, नेपाल मत्स्य व्यवसायी संघ केन्द्रीय समितिका अध्यक्ष अम्बिका प्रसाद अधिकारीको कार्यक्रममा आतिथ्यता रहेको थियो । मकवानपुर र रत्ननगर उवासंघका विभिन्न बस्तुगत संघहरुका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

रत्ननगर उवासंघका महासचिव निराजन खनालले उक्त कार्यक्रम संचालन गरेका थिए । कार्यक्रममा बस्तुगत संघहरु उद्योग वाणिज्य संघको लागि महत्वपूर्ण रहेको भन्दै बस्तुगत संघका गतिविधि र समस्या बारे चर्चा गरिएको थियो । छलफलमा मकवानपुर जिल्ला औद्योगिक क्षेत्रको कारण र रत्ननगर पर्यटकीय क्षेत्रको कारण महत्वपूर्ण रहेको बताइएको थियो । रत्ननगर उवासंघमा २२ वटा र मकवानपुर उवासंघमा ३२ वटा बस्तुगत संघहरु आवद्ध छन् ।

# हेटौंडामा शेयर कारोबारबारे अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ हेटौंडामा शेयर कारोबार सम्बन्धि एक दिवशीय अभिमुखीकरण कार्यक्रम भएको छ । सिप्रवी सेक्युरिटिज प्रालिले शनिवार अभिमुखीकरण कार्यक्रम गरेको हो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघ र लियो क्लब अफ हेटौंडाको सहकार्य रहेको थियो । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा सिप्रवी सेक्युरिटिजका जयन्त श्रीवास्तव, आईएमई पेका मनिष घिमिरे, स्मार्ट वेल्थका सुरज श्रेष्ठ, हिमालयन क्यापिटलका निमेश अधिकारीलगायतको कार्यक्रममा आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हेटौंडाका उद्योगी/व्यवसायी तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा शेयर लगानी सम्बन्धी प्रस्तुतिकरण सिप्रवी सेक्युरिटिजका जयन्त श्रीवास्तवले गरेका थिए । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले शेयर लगानी हालको सन्दर्भमा महत्वपूर्ण आर्थिक गतिविधि भएकोले संघले शेयर सम्बन्धि कार्यक्रम गर्ने नीति लिएको बताउनु हुँदै त्यसको कार्यान्वयनको दृष्टिकोणले पनि यस कार्यक्रम गरिएको बताए ।

उनले शेयरमा लगानी गरी सोबाट लाभ कसरी लिन सकिन्छ भनेर जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रम महत्वपूर्ण रहेको बताएका छन् ।

# 'छेलिएका अनुहार चेपाङ, वनकरिया र गाडी बोक्नेहरुको ऐना'

साझाकुरा संवाददाता

हेटौंडा, ३२ असार/ सिमान्तकृत चेपाङ, लोपन्मुख वनकरिया समुदाय र गाडि बोक्नेहरुको इतिहास समेटिएको मकवानपुरका वरिष्ठ पत्रकार प्रताप विष्टको 'छेलिएका अनुहार' कृति विमोचन भएको छ ।

शनिवार हेटौंडामा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङ, हेटौंडा उपमहानगरका मेयर मिनाकुमारी लामा, पत्रकार चन्द्र किशोर, सन्तोषी वनकरिया, कान्तिपुर दैनिकका सम्पादक उमेश चौहान, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, वरिष्ठ साहित्यकार तुल्सी थापाले संयुक्त रुपमा कृतिको विमोचन गरेका छन् । कृतिमाथि साहित्यकारहरुले टिप्पणी गरेका थिए । साहित्यकार भूपिन खड्काले किताबमाथि टिप्पणी गर्दै छेलिएका अनुहार पुस्तक चेपाङ, वनकरिया र गाडि बोक्नेहरुको ऐना रहेको बताएका छन् ।

उनले कछाडे चेपाङहरुको कथा समेटिएको पुस्तक इतिहासको दस्तावेज बन्ने बताए । 'चेपाङ दुई थरी हुन्छन एकथरी कछाड चेपाङ र चितवनमा बस्ने पूर्व राजासमेत भएका चेपाङहरु ।यसमा कछाडे चेपाङका कुरा समेटिएको छ । कृतिमा पर्यावरणसँग समेटिएको चिउरीको बोट दाईजोमा दिने कथा पर्यावरणसँग जोडिएको छ । चिउरीको बोट संरक्षण भए चमेराको पनि संरक्षण हुन्छ ।,' भूपिनले भने । कृतिले संस्कृति, भुगोल देखाउने भएकाले पुस्तक पर्यटनका क्षेत्रमा काम लाग्ने उनको भनाई छ । चेपाङहरुको धर्म परिवर्तनसँग प्रशंग जोडिएको भन्दै उनीहरु क्रिस्चियन धर्मतर्फ लाग्नुको कारण यहाँ खुलाइएको उनले बताए । पत्रकारिताको शक्तिलाई पुस्तकले देखाएको उनको टिप्पणी छ ।

सन्तोषी वनकरियाले आफूले आमाको कोखबाट जन्म लिएपनि मेरो अभिभावक प्रताप विष्ट रहेको बताइन् । 'हामी साच्चै छेलिएका अनुहार हौं । हाम्रो पहिला शरिरमा कपडा थिएन, अहिले कपडाले शरिर ढाकिएको छ । हाम्रो अवस्था फेरिनुमा प्रताप विष्टको योगदान छ ।,' सन्तोषीले भावुक हुँदै भनिन् । कक्षा १ देखि ६ सम्म खेलेर पढेको र ६ देखि १० सम्म डरले पढेको उनले सुनाइन् । 'पेईल गर्छस भने घरमा आएर थुतेर स्कुलमा ल्याएर राख्छु भनेर प्रताप सरले भन्नुहुन्थ्यो, त्यसैले डरलेपनि पढेको हुँ । सरले पैसा दिएर जेटिए पढाउनु भयो । अहिले समुदायकै बालबालिकालाई पढाउँछु ।,' उनले भनिन् । वनकरियाहरुको भाषभेषा लोप हुँदै गएकोप्रति उनको चिन्ता थियो ।

हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाले कलमकै कारण मुलुकमा ठूला राजनीतिक परिवर्तन सम्भव भएको बताइन् । देशलाई शान्तिपूर्ण बनाउन कलमले भूमिका खेलेको उनको भनाइ छ । जनप्रतिनिधिका काममाथि कलम खुला हुनुपर्छ भन्दै कलमले जनप्रतिनिधिका कामलाई नजिकबाट नियाल्नु पर्ने लामाको आग्रह थियो । चेपाङ, वनकरियाको विषयमा भएका अनुसन्धान र अध्ययनसहितको पुस्तक अर्थपूर्ण रहेको उनले बताइन् । साहित्यकार तथा चेपाङ समुदायको अनुसन्धानमा संलग्नता रहेका तुलसी थापाले चेपाङ समुदायको विगतदेखि वर्तमानसम्मको जानकारी दिएका थिए । उनले राजा विरेन्द्रले चेपाङ विकास कार्यक्रम लागू गरेको बताए ।

चेपाङलाई हेपे भनेर प्रजा विकास कार्यक्रम सञ्चालन गरिएको उनको स्मरण थियो । १० वर्ष चेपाङको क्षेत्रमा काम गरेको भन्दै थापाले चेपाङका बालबालिकाले एक प्याकेट बिस्कुट सबैलाई बाँडेर खाएको देख्दा मानवीय स्वभाव देखेर आफू आश्चर्य भएको उनले बताए । तत्कालीन सामन्ती व्यवस्थाले चेपाङहरु छेलिएको उनको आरोप थियो । चेपाङहरुसँग भएका राम्रा खेतियोग्य जग्गा सामन्तीहरुले अनेक बहानामा हडपेको उनको दावी छ । 'ऋण दिएर जग्गा हडप्ने गरेको थियो । चेपाङहरुले खेती गरेर काम गर्थे । चेपाङहरुलाई निरन्तर सहयोग गरेको जस्तो गरेर धर्म परिवर्तन गराईएको थियो । सामन्ती स्वभावले चेपाङहरु छेलिएर बसेका हुन् ।,' थापाले भने ।

पुस्तकका लेखक प्रताप विष्टले ५२ सालदेखि चेपाङको बारेमा समाचार लेखेपछि पुस्तक निकालेको बताएका छन् । कोरोना कालको फुर्सद समयले पुस्तक जन्माएको बताए । करिब ४ दशकबाट पत्रकारितामा सक्रिय विष्टले लोपन्मुख वनकरिया, चेपाङको विषयमा खोज तथा अनुसन्धनको क्षेत्रमा कलम चलाउँदै आएका थिए । विष्टले २०४९ साल फागुन १३ गतेदेखि निरन्तर कान्तिपुर दैनिकमा चेपाङ समुदायको र २०५२ सालबाट बनरिया जातीको समाचार लेख्दै आएको विमोचन कार्यक्रममा बताए ।

सांग्रिला प्रकाशले प्रकाशन गरेको पुस्तकले नेपालमा चेपाङ, बनकरियाको विषयमा अध्ययन तथा अनुसन्धान गर्नेहरुलाई सहयोग पुग्नेछ । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको अध्यक्षतामा भएको कार्यक्रममा 'छेलिएका अनुहार'माथि साहित्यकार भूपिन र लेखक तथा त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. तारालाल श्रेष्ठले टिप्पणी गरेका थिए ।


**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।



#HetaudaAcademy

**हार्दिक बधाई तथा शुभकामना**



यस विद्यालयका पूर्व विद्यार्थी डा. रुपेश साह त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यूनिभर्सल कलेज अफ मेडिकल साइन्सेस बाट MBBS परीक्षा उत्तीर्ण गर्दा College Topper हुनुको को साथै Internal Medicine र Pediatrics विषय तर्फ University Topper भइ त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान बाट क्रमशः डा. अष्टबहादुर श्रेष्ठ स्वर्ण पदक र नेपाल पिडीयाट्रीक स्वर्ण पदक प्राप्त गर्न सफल भएको खबरले हेटौंडा एकेडेमी परिवारलाई गौरवान्तित बनाएको छ। खुशीको यस घडीमा हेटौंडा एकेडेमी डा. रुपेश साह लाई हार्दिक बधाई ज्ञापन गर्दै समुज्वल भविष्यको कामना गर्दछ। साथै भविष्यमा अरु धेरै रुपेशहरु यो देश र समाजलाई दिनका लागि निरन्तर लागि रहने प्रतिवद्दता व्यक्त गर्दछ ।

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
Phone : 057- 525548, 057- 525547, 057-523547
e-Mail : info@hetaudaacademy.edu.np
www.hetaudaacademy.edu.np


## सुचीदर्ता गराउने सम्बन्धी सूचना

यस श्रम तथा रोजगार कार्यालय, हेटौंडालाई आ.ब. २०७९/८० को लागी आवश्यक पर्ने तपसिलमा उल्लेखित बस्तु तथा सेवा आपुर्ती/प्रदान गर्नको निमित्त सम्बन्धित बस्तु तथा सेवाको कारोबार गर्न स्वीकृति प्राप्त फर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले ईच्छुक फर्म तथा कम्पनीले आजको मितिबाट ७ दिन भित्र सुची दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।


**तपसिल:**

१. स्टेशनरी, मसलन्द सामान तथा कार्यालय सामाग्रीहरु
२. छपाई तथा बाईण्डिङ्ग
३. बिज्ञापन (पत्रपत्रिका, रेडियो, टेलिभिजन, फ्लेक्स आदि
४. कम्प्यूटर, फोटोकपी, प्रिन्टर, टोनर, कार्टिज
५. सुरक्षा तथा सरसफाई सम्बन्धि सेवा
६. फर्निचर तथा फर्निसिङ्गहरु
७. सुचना प्रणाली तथा सफ्टवेयर सम्बन्धी र ईन्टरनेट, नेटवर्कि
८. सवारी साधन तथा मेशिनरी औजार भाडामा तथा मर्मत सम्भार सेवा
९. बिमा
१०. विविध

**निवेदनको साथमा आवश्यक कागजातहरु**

१. कम्पनी दर्ताको प्रमाण पत्र
२. स्थायी लेखा वा भ्याट दर्ताको प्रमाण पत्र
३. कर चुक्ताको प्रमाण पत्र (आ.व.२०७७/७८ को )

सुचिकृत हुने फर्मसँग कार्यालयले छुट्टै खरीद सम्झौता गर्न सक्नेछ ।
प्राप्त निवेदनलाई सूचिकृत गर्ने वा नगर्ने भन्ने सम्पुर्ण अधिकार यस कार्यालयमा हुनेछ ।


**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना